## मिति २०७७।०९।०८ गते बसेको ७२औं कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं १.

आ.व.२०७७/०७८ मा संचालन हुने लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्य संचालन प्रक्रिया सम्वन्धि मार्ग दर्शन २०७७ वमोजिम स्थानीय तहले लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम अन्तरगत वाखा,भेडा र वंगुर कार्यक्रम संचालन गर्नको लागि तपशिल वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

१.श्री वम बहादुर पुन-आर्थिक विकास संयोजक -संयोजक

२.श्री डिल्ली खड्का-प्रमुख प्रशासकीय अधिकृत-सदस्य

३.श्री विष्णु बुढा-पशु प्राविधिक-सदस्य

निर्णय नं. २

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आ.२०७७/०७८ मा संचालन गर्नको लागि थप वजेट रु ५६,३६,०००। अक्षरपी छपन्न लाख छत्तीस हजार रुपैयालाई देहाय वमोजिमको रोजगारमुलक आयोजनाको लागि विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | संचालन हुने ठेगाना | विनियोजित रकम | सुचिकृत संख्या |
|---|---|---|---|---|
| १ | वगाउने खोला लघु जलविद्युत कुलो मर्मत | परिवर्तन -१कुरेली,रोल्पा | ८,३०,००० | ११२ |
| २ | राङसीका विभिन्न गोरेटो बाटाहरु निर्माण तथा मर्मत | परिवर्तन -२राङसी,रोल्पा | ६,००,०००। | १०३ |
| ३ | फोहर व्यवस्थापनको लागि कच्ची खाल्डो निर्माण | परिवर्तन -२ राङसी,रोल्पा | २,३०,०००। | १०३ |
| ४ | ३ नं.वडा भरी गोरेटो वाटो मर्मत तथा ढुंगा सोलिङ योजना | परिवर्तन-३ थुनिकोट रोल्पा | ८,३०,०००। | ९८ |
| ५ | ४ नं.वडा भरी सडक मर्मत योजना | परिवर्तन-४ पाछावाङ,रोल्पा | ११,००,०००। | २५६ |
| ६ | राङकोट स्वास्थ्यचौकी भवन निर्माण | परिवर्तन -५ राङकोट,रोल्पा | ६,०१,०००। | ३७० |
| ७ | ओखरेनी ट्याम सडक मर्मत | परिवर्तन -५ राङकोट,रोल्पा | २,१५,०००। | ३७० |
| ८ | युद्ध तथा धार्मिक पर्यटनको लागि गोरीचौर देखि छड्केधुरीसम्म माउन्टेन वाइक ट्रेकिङ मार्ग निर्माण | परिवर्तन -५ राङकोट,रोल्पा | ३,८४,०००। | ३७० |
| ९ | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालयको फिल्ड निर्माण ,नाफे | परिवर्तन -६ नाफे,रोल्पा | ८,४६,०००। | १५१ |

निर्णय नं. ३

श्री राष्ट्रिय माध्यमिक विद्यालय केवरीमा यस परिवर्तन गाउँपालिकावाट मा.वि.तहको अग्रेजी अनुदान शिक्षक कोटा श्रृजना गरी अध्यापन गराई रहेकोमा उक्त अग्रेजी शिक्षकको मा.वि.कोटामा विज्ञान विषयको अनुदान शिक्षक नियुक्ति गर्ने गरी रुपान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं.४

यस परिवर्तन गाउँपालिका अन्तरगत पशु सेवा शाखावाट पशुहरुको लागि कृत्रिम गर्भाधान सेवा संचालन भैरहेको कुरा प्रत्येक वडाहरुमा जानकारी गराउदै कृत्रिम गर्भाधान सेवा शुल्क लिने गरी देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| क.स. | विवरण | स्थान | सेवा शुल्क |
|---|---|---|---|
| १ | गाई,भैसी, | गाउँपालिका केन्द्र ,पुतलाचौर | प्रति रु १००। |
| २ | वाख्रा | गाउँपालिका केन्द्र ,पुतलाचौर | प्रति रु ५०। |
| ३ | गाई,भैसी, | गाउँपालिका केन्द्र देखि वाहिर जुनसुकै वडा | प्रति रु ५०० देखि ८०० सम्म |
| ४ | वाख्रा | गाउँपालिका केन्द्र देखि वाहिर जुनसुकै वडा | प्रति रु २५० देखि ५०० सम्म |

निर्णय नं. ५

चालु आ.व.२०७७/०७८ मा संचालन हुने शर्शत अनुदान अन्तरगत सौर्य उर्जा प्रविधि जडान शिर्षकमा विनियोजित रु ३ लाख बजेट यस परिवर्तन गाउँपालिका कार्यालयको कामकाजलाई थप सहज गराउन कार्यालय भवनमा सोलार उर्जा जडान गर्ने निर्णय गरियो ।